Together We Can Achieve
नेपाल एशोसिएशन अफ टूर एण्ड ट्राभल एजेन्टस्
Nepal Association of
Tour & Travel Agents

NATTA 1966

Goma Ganesh, Gairidhara, Naxal,
P. O. Box: 362, Kathmandu, Nepal
Tel: 977-1-4419409/4418661
Fax: 977-1-4418684
E-mail: natta@mail.com.np
ceo@natta.org.np
info@natta.org.np
Website: www.natta.org.np
SWC Affiliation No.: 25285

मितिः २०७३/२/२५

## प्रेश विज्ञप्ति

### रसुवामा पर्यटन यातायात सिन्डीकेटको बीगबीगी

रसुवा जिल्लामा जीप तथा यातायात व्यवसायीहरुको वर्त्तमान सिन्डीकेट व्यवस्था प्रति नेपाल एशोसिएशन अफ टूर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा) को गम्भिर ध्यानाकर्षण भएको छ । यस प्रकारको यातायात व्यवसायीहरुको ट्रान्सपोर्ट सिन्डीकेट राख्न नपाईने कानूनी प्रावधान रहे पनि स्थानीय ट्रास्पोर्ट कम्पनीहरुले काठमाण्डौंबाट गएका पर्यटकहरुको पर्यटक सवारीहरु घट्टेखोला टिम्मुरेमा रहेको अध्यागमन कार्यालयको छेउमा रोकी आफ्नै जीपमा सेवा लिन बाध्य बनाएका छन् । पर्यटक सेवाका लागि चल्ने पर्यटकीय सवारी साधान प्रति यस प्रकारका गैर-कानूनी हस्तक्षेप गरीनु मुलुकको पर्यटन र पर्यटकीय गतिविधिहरुलाई नकारात्मकता तर्फ लैजाने दुष्प्रयास हो भन्ने हाम्रो ठहर छ ।

गत बर्ष गएको भूकम्प पश्चात् बैकल्पिक मार्गका रुपमा संचालनमा आएको यस नाकामा यस्ता प्रकारका ग्रैर जिम्मेवारी पूर्ण गतिविधिले भरखरै तग्रिन लागेको मुलुकको पर्यटन उद्योगलाई प्रभावित बनाउने निश्चित छ ।

चीनबाट नेपाल आउने टिबेट जाने पर्यटकहरु रसुवागढीमा आई पुग्छन् र उनीहरुलाई राजधानी ल्याउन काठमाण्डौंबाट पर्यटक सवारी साधन त्यहां जाने गर्छन् । तसर्थ, पर्यटकको सेवामा संलग्न सवारी साधनहरुलाई बाटैमा रोकी स्थानीय सिन्डीकेटवालाहरुले आफ्नो सवारीलाई चर्को मूल्य लिई प्रयोग गर्न बाध्य गराउने दृष्प्रवृतिलाई सरकारका स्थानीय जिम्मेवार निकाय लगाएत गृह मन्त्रालयले सोझै हस्तक्षेप गरि तत्काल निरुत्साहित गरोस् र नेपाल भ्रमणमा आएका पर्यटकहरुको भ्रमण कार्यक्रमलाई सुरक्षित सहज, सुलभ र आरामदायी बनाउन पहल गरोस् भन्ने यस संघको जोडदार मांग रहेको यसै प्रेस-विज्ञप्ति मार्फत् जानकारी गराइएको छ ।

.......................................................................................................

महोदय,

कृपया उपरोक्त प्रेस सामाग्री तपाईको लोकप्रिय संचार माध्यम मार्फत प्रचार प्रसारका लागि अनुरोध गर्दछौं ।

भिम प्रसाद पन्त
महा-सचिव

UFTAA
TOURISM COUNCIL OF THAILAND
NATURALLY NEPAL ONCE IS NOT ENOUGH
NEPAL CHAMBER